" दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुब्री "

# चुमनुब्री गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सिर्दिबास, गोरखा

गण्डकी प्रदेश ,नेपाल

पत्र संख्या :२०८१/८२

चलानी नं. :

**प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८१/०५/१८

यस चुमनुब्री गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक १ (एक) पद खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमको विवरण र राजस्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०२/०८१/८२ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव :**
- सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको ।
- दरखास्त दिने अन्तिम मितिमा कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |
- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको ।
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको हुनुपर्ने
- अनुभव र उत्कृष्ट पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएकोलाई गह्रायता दिइनेछ ।

२. **दरखास्त दिने स्थान :** चुमनुब्री गाउँपालिकाको कार्यालय, सिर्दिबास, गोरखा

३. **दरखास्त दिने अन्तिम मिति :** २०८१/०६/०१ गते कार्यालय समयभित्र

४. **आवेदन दस्तुर :** रु ५००।- (पाँच सय मात्र)

५. **छनौटको किसिम :** प्रारम्भिक योप्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

६. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

(क) नागरिकता

(ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र

(ग) चारित्रिक प्रमाण पत्र

(घ) तालिमको प्रमाणपत्र

(ङ) अनुभव भए सोको कागजात

(च) २ प्रति पासपोर्ट साइजको फोटो

७. **सेवा सुविधा तथा अन्य :** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ। (आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको वेवसाइट तथा गाउँपालिकाको वेवसाइट बाट उपलब्ध हुनेछ ।

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत